# विषयगत शिक्षण व्यवस्थापन र उपलब्धिस्तर

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय शिक्षा योजना तथा
व्यवस्थापन विभाग स्नातकोत्तर तह (एम.एड) दोस्रो वर्षको
आवश्यकता परिपूर्तिको निम्ति प्रस्तुत

## शोधपत्र

शोधकर्ता
बिन्दु कुमारी महतो
त्रि.वि. दर्ता नं. ९-१-२४०-१६५-९९
क्याम्पस रोल नं.: २२०/०६७
परीक्षा रोल नं. : २४००००५/०६९

सप्तगण्डकी बहुमुखी क्याम्पस
भरतपुर-१०, चितवन
२०७४/**2017**

## शिक्षा योजना तथा व्यवस्थापन विभाग

## सिफारिस - पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, शिक्षा योजना तथा व्यवस्थापन विभाग, स्नातकोत्तर तह (एम.एड.) दोस्रो वर्षको आंशिक आवश्यकता पूरा गर्नको लागि शोधकर्ता बिन्दु कुमारी महतोले **विषयगत शिक्षण व्यवस्थापन र उपलब्धिस्तर** विषयक शोधपत्र मेरो प्रत्यक्ष निर्देशनमा तयार पार्नु भएको हुनाले अवश्यक मूल्याङ्कनको निमित्त सिफारिस गर्दछु ।

मिति : २०७४/१२/०५

उप. प्रा. कुवेरनाथ शर्मा

(विभागीय प्रमुख तथा शोधनिर्देशक)

शिक्षा योजना तथा व्यवस्थापन विभाग

सप्तगण्डकी बहुमुखी क्याम्पस

भरतपुर, चितवन

# कृतज्ञता ज्ञापन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय शैक्षिक योजना तथा व्यवस्थापन विभाग द्वितीय वर्षको आंशिक आवश्यकता परिपूर्ति गर्नको लागि तयार पारिएको हो ।

प्रस्तुत शोधपत्रको प्रस्तावना लेखनदेखि शोधपत्र तयारीसम्म महत्वपूर्ण सल्लाह, सुझाव एवं निर्देशन प्रदान गर्नु हुने आदरणीय शोधनिर्देशक कुवेरनाथ शर्मा ज्यू प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । साथै शोध अध्ययनका विभिन्न चरणमा प्रत्यक्ष अप्रत्यक्ष रुपमा सहयोग पुऱ्याउनु हुने आदरणीय गुरुवर्ग देन प्रसाद लामिछाने, होमनाथ सापकोटा र रामप्रसाद अधिकारी प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

शोधपत्र तयारपार्ने सिलसिलमा प्रश्नावली, अन्तरवार्ता र छलफलमा सहभागी हुनुहुने सम्बन्धित विद्यालयका प्र.अ. शिक्षक विद्यार्थी, अभिभावक वि.व्य.स. का अध्यक्ष लगायत वि.नि. र स्रोत व्यक्ति प्रति पनि कृतज्ञता ज्ञापन गर्दछु । शोधपत्रलाई भाषिक रुपमा शुद्ध बनाउन सहयोग गर्ने जीवन पोखेल एवं आकर्षक ढङ्गले कम्प्यूटर सेटिङ्ग गरी अन्तिम रुप दिन सहयोग पुऱ्याउने गण्डकी फोटोकपी सेन्टर, भरतपुरलाई धन्यवाद दिन चाहन्छु । यसको साथै मेरो शोधपत्र तयार गर्न उपयुक्त वातावरण तयार गरी प्रेरणा प्रदान गर्ने मेरो श्रीमान चन्द्रमणि महतो प्रति हृदयदेखि नै आभार व्यक्त गर्दछु ।

बिन्दु कुमारी महतो

## शोधसार

*विषयगत शिक्षण व्यवस्थापन र उपलब्धिस्तर नामक यस शोधपत्रको मुख्य उद्देश्य विद्यालयमा नेपाली भाषा विषय शिक्षणको व्यवस्थापनको वर्तमान अवस्था पत्ता लगाउनु, नेपाली भाषा विषयको शिक्षणबाट प्राप्त भएका उपलब्धिको विश्लेषण गर्नु र नेपाली भाषा विषयको शिक्षण व्यवस्थापनमा देखिएका समस्याहरुको पहिचान गर्नु र नेपाली भाषा विषय शिक्षण व्यवस्थापन र उपलब्धिमा देखिएका समस्याहरुको न्यूनीकरणका उपायहरु सुझाउनु रहेको छ ।*

*विद्यार्थीहरुको नेपाली विषय प्रतिको रुचि, शिक्षणले कक्षाकोठामा अपनाएका शिक्षण विधि, पाठ्यपुस्तकको उपलब्धता, शैक्षणिक सामाग्रीको प्रयोग, विद्यालयको भौतिक अवस्था शिक्षक दरवन्दी तथा सामाजले विद्यालय प्रति हेर्ने दृष्टिकोण आदि कारणले अनुसन्धान कार्यलाई प्रभाव पारेको हुन्छ । यस अध्ययनका लागि छनौट विधि अन्तर्गत उद्देश्यपूर्ण नमुना छनोटको आधारमा विद्यार्थीहरुको छनोट गरियो यस अध्ययन गुणात्मक र परिणात्मक दुवै मिश्रित रहेको छ । माडी नगरपालिका भित्र २ वटा स्रोतकेन्द्रहरु रहेका छन् । बरुवा स्रोतकेन्द्रमा रहेका २२ वटा विद्यालय मध्य उद्देश्यमूलक तरिकाले पाँच ओटा आधारभूत (१-५) विद्यालयहरु छनौट गरि अध्ययन अनुसन्धान गरिएको छ । छनौटमा परेका विद्यालयका आधारभूत तहमा अध्ययन गराउने नेपाली विषय शिक्षक १, प्रधानाध्यापक १, अभिभावक १, विद्यालय व्यवस्थापन समिति अध्यक्ष १, विद्यार्थी ५ जनाको दरमा जम्मा २५ जना लक्षित समूहसँग अन्तरवार्ता र प्रश्नावलीका आधारमा शिक्षण व्यवस्थापन र उपलब्धिबारे तथ्याङ्क संकलन गरिएको छ । यस अध्ययन अनुसन्धान गर्दा प्राथमिक स्रोत र द्वितीय स्रोतका आधारमा तथ्याङ्क संकलन गरिएको छ । प्राथमिक स्रोत अन्तर्गत खुला अन्तरवार्ता, प्रश्नावली, मार्फत शिक्षक विद्यार्थी, अभिभावक विद्यालय व्यवस्थापन समिति अध्यक्ष, प्रधानाध्यापकसँग लिइएको तथ्याङ्क छ भने द्वितीय स्रोतको रुपमा स्तरीकरण परीक्षण परीक्षा उपलब्धि, पाठ्यक्रम, पाठ्यपुस्तक, विभिन्न शीर्षकका प्रकाशित, अप्रकाशित शोधपत्रहरु शैक्षिक विकास केन्द्रद्वारा प्रकाशित पुस्तकहरुबाट तथ्याङ्क "विषयगत शिक्षण व्यवस्थापन र उपलब्धिस्तर" शोधपत्र तयार गर्नु अघि सम्बन्धीत शीर्षकसँग मिल्दोजुल्दो शोधपत्रहरु अध्ययन गरियो । यस सोधसारलाई पूर्णता दिनका लागि अन्य विषयहरुमा सोधसार गरेका शिक्षक, विद्यार्थी (स्नातकोत्तर तह) विषय विशेषज्ञ, प्रधानाध्यापक, विद्यालय*

व्यवस्थापन समितिका अध्यक्षहरुसँग सरसल्लाह, सुझाव, गहन विचारहरु तथा व्यवहारिक कुराहरुले गर्दा यस सोधसारलाई पूर्णता दिन सफल भएको छ । कतिपय शिक्षकहरुले शैक्षिक योग्यता एस.एल.सी. भएको र सम्बन्धीत विषयमा सैद्धान्तिक तथा व्यवहारिक ज्ञान प्रयोगमा ल्याउन अझै पनि कठीन भएको कुरा देखियो । विषयगत रुपमा दक्षता हासिल नगर्दा नेपाली विषयको शैक्षिणिक उपलब्धिस्तर अझ सन्तोषजनक छैन ।

यस विषयको व्यवस्थापन प्रभावकारी ढंगले लैजानको लागि विषय शिक्षकको तालिम, शैक्षिक सामाग्री निर्माण, कार्यमूलक अनुसन्धान जस्ता कार्यलाई अझै अगाडी बढाउनु पर्ने देखिन्छ । नेपाली भाषा शिक्षणमा चारवटै सीप (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) लाई समानुपातिक ढंगले विकास गर्नुपर्ने देखिन्छ । लिखित परीक्षा मूल्याङ्कनको साधन भएकोले विद्यार्थीहरुलाई अझ बढी लेख्न अभ्यास र नमूना पत्रहरु बनाई परीक्षण परीक्षा लिनु पर्ने देखिन्छ । नीतिगत तहमा स्थानीय सरकार अन्तर्गत शिक्षा शाखाले विद्यालयको अनुगमन, सुपरीवेक्षण र आवश्यक पृष्ठपोषण दिने कार्यमा नियमीत र प्रभावकारी बनाउनु आवश्यक छ । राम्रो नतिजा ल्याउन सफल विद्यार्थी र शिक्षण दुवैलाई पुरस्कृत गर्नका लागि नीति बनाउन जरुरी छ । समयसापेक्ष अनुसार पाठ्यक्रम विकास केन्द्रले पाठ्यक्रम र पाठ्यपुस्तक परिमार्जन गर्नुपर्ने देखिन्छ । कार्यान्वयन तहमा अध्यापन गर्ने विषय शिक्षक, विषयवस्तुमा दक्षता हासिल गर्न सक्नु पर्छ । नेपाली विषयको शैक्षिक उपलब्धिस्तर उकास्नका लागि तालिम गोष्टी, शैक्षिक सामाग्री निर्माण, थप सन्दर्भ पुस्तकहरुको अध्ययन, आइसीटीको प्रयोग, बढी भन्दा बढी विद्यार्थीको सिकाइमा जागरुकता बनाई शिक्षण कृयाकलापलाई प्रभावकारी बनाउनुपर्ने देखिन्छ । अनुसन्धान तह अन्तर्गत शिक्षण सिकाइ कृयाकलापमा देखापरेका समस्याहरुलाई न्यूनीकरण गर्नका लागि कार्यमूलक अनुसन्धान अन्तर्गत शोधपत्र तयार गर्दा आउदा दिनहरुमा नेपाली विषयको शिक्षण उपलब्धिस्तर वृद्धि गर्न सकिन्छ । समुदायमा विभिन्न जातजाती भाषाभाषीहरुले आफ्नो मातृभाषाको प्रयोगले नेपाली भाषा सिकाइमा अप्ठ्यारो परेको देखिन्छ । भोलिका दिनहरुमा अध्ययन अनुसन्धान गर्ने अनुसन्धानकर्ताले विद्यालयमा नेपाली विषय अध्ययन गर्नका लागि भाषा सम्बन्धी व्याकरणको सही प्रयोग हुन सकेमा मात्र सुनाइ, वोलाई, पढाइ र लेखाइ सीपको विकास, अध्ययन र व्यवस्थापन पहिचान गर्न समेत अगामी शोधकर्तालाई सीफरीस गरिएको छ ।

# विषय सूची


| | पेज नं.: |
|---|---|
| **परिच्छेद एक : परिचय** | **१-१३** |
| १.१ अध्ययनको पृष्ठभूमी | १ |
| १.२ समस्याको कथन | ८ |
| १.३ अध्ययनको औचित्य | १० |
| १.४ अध्ययनको उद्देश्य | ११ |
| १.५ अनुसन्धान प्रश्नहरु | ११ |
| १.६ अध्ययनको परिसीमाहरु | ११ |
| **परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका** | **१४-२४** |
| २.१ सम्बन्धित साहित्यको पुनरावलोकन | १४ |
| २.२ अध्ययनको सैद्धान्तिक खाका | २२ |
| २.२.१ वैज्ञानिक व्यवस्थापनको सिद्धान्त | २२ |
| २.२.२ शिक्षण सिकाइ सिद्धान्त | २३ |
| २.३ पुनरावलोकन शैक्षिक उपादेयता | २३ |
| **परिच्छेद-तीन : अध्ययन विधि** | **२५-२९** |
| ३.१ अनुसन्धान ढाँचा | २५ |
| ३.२ जनसंख्या र नमुना छनोट | २६ |
| ३.३ तथ्याङ्क स्रोत र प्रकृति | २६ |
| ३.३.१ प्राथमिक स्रोत | २६ |
| ३.३.२ द्वितीय स्रोत | २७ |
| ३.४ अध्ययनको साधन | २७ |
| ३.४.१ शिक्षण व्यवस्थापनमा प्रयोग गरिएका साधनहरु | २७ |
| ३.४.२ उपलब्धि परिक्षण प्रयोग गरीएका साधनहरु | २८ |
| ३.५ तथ्याङ्क संकलन विधि | २८ |
| ३.५.१ प्राथमिक तथ्याङ्क संकलन | २८ |
| ३.५.२ द्वितीय तथ्याङ्क संकलन | २८ |
| ३.६ तथ्याङ्कको व्याख्या र विश्लेषण प्रकिया | २९ |

**परिच्छेद चार : तथ्याङ्कको व्याख्या र विश्लेषण** **३०-४५**

४.१ नेपाली भाषा विषयको शिक्षण व्यवस्थापन ३०

४.१.१ नेपाली भाषा विषयको पाठ्यक्रम विश्लेषण ३०

४.१.२ कक्षा कोठामा प्रयोग गरिएका शिक्षण विधि ३१

४.१.३ शिक्षण सामाग्रीको उपलब्धता ३२

४.१.४ शिक्षण योजना ३३

४.२ नेपाली भाषा शिक्षण व्यवस्थापनद्वारा प्राप्त उपलब्धि ३३

४.३ नेपाली भाषा विषय शिक्षणमा भोगिरहेका समस्याहरु ३६

४.३.१ विषय शिक्षकसँगको प्रतिकृया ३६

४.३.२ प्र.अ. सँगको प्रतिकृया ३६

४.३.३ वि.व्य.स. सँगको प्रतिकृया ३६

४.३.४ अभिभावक सँगको प्रतिकृया ३७

४.४ नेपाली भाषा विषयको व्यवस्थापनमा भोगिरहेका समस्याको समाधानका उपायहरु ३७

४.४.१ विषय शिक्षकसँगको प्रतिकृया ३७

४.४.२ प्रधानाध्यापक सँगको प्रतिकृया ३८

४.४.३ विद्यालय व्यवस्थापन समितिका अध्यक्षसँगको प्रतिकृया ३९

४.४.४ विद्यार्थीसँगको प्रतिकृया ३९

**परिच्छेद पाँच : निष्कर्ष र सुझावहरु** **४६-५०**

५.१ निष्कर्ष ४६

५.२ सुझावहरु ४७

५.२.१ नीतिगत तह ४८

५.२.२ कार्यान्वयन तह ४८

५.२.३ अनुसन्धान तह ४९

सन्दर्भ सामाग्री

अनुसूचीहरु